# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या :१२ साउन २५, २०८१

## भाग-३

## <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०३/२४ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | आ.व.२०८१/०८२ को लागि गुल्मीदरबार गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बिच र प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बिच गाउँपालिकामा सेवा प्रबाहलाई चुस्तदुरूस्त राखी सुशासन कायम गर्ने उद्देश्यले कार्यसम्पादन करार सम्झौता गर्ने निर्णय गरियो । |
| २ | यस गाउँपालिकाको आ.व.२०८१/०८२ मा आन्तरिक आय ठेक्का अन्तर्गत ढुङ्गा, गिट्टी, बालुवा, रोडा लगायतका नदिजन्य पदार्थको उत्खनन्, संकलन तथा निकासीको लागि गुल्मीदरवार गापा वडा नं १ र २ मा पर्ने बढिघाट खोलामा भएको IEE को प्रतिवेदन बमोजिम जम्मा १४७४९० क्यू.फिट उत्खनन गर्न सकिने हुँदा सोही प्रतिवेदन अनुसार न्यूनतम शिलबन्दी अंक रु. ८२४९५०।(सेवाशुल्क र मूल्य अभिबृद्धि कर बाहेक) र गाउँपालिकाका सबै वडाबाट कागज, फलाम, सिसा लगायतका कवाडी जन्य पदार्थको आय ठेक्काको लागि स्वीकृत गरिएको संलग्न विवरण बमोजिमको दररेट अनुसार हुन आउने तोकिएको न्यूनतम शिलबन्दी अंक रु.१६००००।(सेवाशुल्क र मूल्य अभिबृद्धि कर बाहेक) कायम गरि आन्तरिक आय तर्फको शिलबन्दी दरभाउपत्र आव्हान गर्ने निर्णय गरियो । |
| ३ | जिल्ला हुलाक कार्यालय गुल्मीको च.नं. २१ मिति २०८१/०४/१० गतेको पत्र बमोजिम नेपाल सरकारको एक पालिका एक हुलाक नीतिलाई कार्यान्वयन गर्ने तथा ईलाका हुलाकलाई पालिकाको तोकीएको केन्द्रबाटै सञ्चालन गर्ने नीति अनुरुप गुल्मीदरबार गाउँपालिकाको वडा नं. ४ वीरबासमा रहेको वीरबास ईलाका हुलाकलाई गाउँपालिकाको केन्द्रमा सार्नको लागि २ वटा कोठा सहित सहमति माग गरेकोमा गाउँपालिकाको आफ्नो भवन नभएको हुँदा गाउँपालिकालाई आर्थिक व्ययभार नपर्ने गरि व्यवस्थापन गर्न अनुरोध गर्ने निर्णय गरियो । |
| ४ | गुल्मीदरबार गाउँपालिकाको आ.व.२०८१/०८२ को लागि दररेट स्वीकृत गरियो । |
| ५ | गाउँपालिकाबाट संचालन हुने विभिन्न कार्यक्रम तथा क्रियाकलाप संचालनको लागि आवश्यक परेका तपशिल बमोजिमका कार्विधिहरुको मस्यौदा तयारीको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>➢ आर्थिक सहायता सम्बन्धी कार्यविधि<br>➢ ग वर्गको अपाङ्गताको भत्ता वितरण सम्बन्धी कार्यविधि<br>➢ अविवाहितलाई भत्ता वितरण सम्बन्धी कार्यविधि |
| ६ | गाउँपालिकामा कार्यानवयनमा रहेका तपशिलका कार्यविधिहरुको संशोधनको लागि मस्यौदा तयारी गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>➢ व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि<br>➢ बजार अनुगमन सम्बन्धी कार्यविधि<br>➢ विद्युत महसुल सम्बन्धी कार्यविधि<br>➢ सार्वजनिक खर्च मितव्ययीता सम्बन्धी निर्देशिका, २०७७ |
| ७ | विविध विषयमा गरिएका निर्णयहरुः<br>➢ गुल्मीदरबार गाउँपालिका वडा नं. ६ निवासी एमान सिंह खत्रीको गोठमा आगो लागि हुँदा ठूलो क्षति भएको हुँदा निजलाई रु. ३००००।- आर्थिक सहायता विपत व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो । |

| | |
|---|---|
| | ➢ प्रदेश सरकार र गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन भएको मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा संचालन भएको "गुल्मीदरबार फलफुल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रम" संचालन कार्यविधि २०८१ को दफा ११(३) बमोजिम कृषि उपजहरुको बजारीकरणको लागि सवारी साधन भाडामा लिन प्रकाशन गरिएको सूचना अनुसार पहिलो पटकको सूचनामा कुनै प्रस्ताव नपरेको र दोश्रो पटक सूचना प्रकाशन गरिएकोमा प्राप्त हुन आएका चालक बाहेकको प्रस्ताव उपर गाउँ कार्यापालिका कार्यालयको मुल्यांकन समितिले गरेको सिफारिस अनुसार सवारी धनी रेसुंगा नगरपालिका वडा नं २ निवासी श्री डोल बहादुर कुँवरले उपलब्ध गराउन चाहेको महिन्द्रा कम्पनीको सवारी साधन नं. लु.३.च.४१३८ को डबल क्याब स्कोरपियो S6 को प्रस्ताव स्वीकृत गरी सवारी साधन लिने गरी गरिएको सम्झौतालाई अनुमोदन गर्ने।<br>➢ गुल्मीदरबार गाउँपालिकामा सेवा प्रवाहलाई चुस्तदुरुस्त र नागरिक मैत्री बनाउँदै सुशासन कामय गर्नको लागि कर्मचारीहरुको ड्रेस, परिचय पत्र, नियमितता, अनुशासन लगायतका विषयमा ध्यानदिन निर्देशन दिने ।<br>➢ गुल्मी जिल्ला दरबार गा.पा.दोबाटा भलारुख गौरादी हुँदै रेसुङ्गा जोड्ने मोटर बाटोको स्तरउन्नतीको लागि बावश्यक बजेट व्यवस्थाका लागि DPR गर्ने । |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत